पाठ २

# हाम्रो जीवनको निम्ति नमूना परमेश्वर नै हुनुहुन्छ

"जस्तो बाबु त्यस्तै छोरो" भन्ने भनाइ धेरै देशहरूमा प्रचलित छ। परिवारहरूका बारेमा भएको चाखलाग्दो कुराचाहिँ सदस्यहरूका बीचमा भएको उस्तै स्वरूप हो। उदाहरणको लागि छोरी र छोरा गरी हाम्रा दुइ जना सन्तान छन्। तिनीहरूका बाबुका जस्तै तिनीहरूका ठूला-ठूला खैरा आँखा-हरू छन्। आफ्नो बाबुको जस्तै केटाको चाहिँ कुङ्ग्रुङ् परेको र केटीको चाहिँ आफ्नी आमाको जस्तै सीधा कपाल छ। "तिनीहरू आफ्ना बाबुजस्तै छन्" भनी अरू मानिसहरूले भन्ने गर्छन्।

हाम्रा प्रवृत्ति र कार्यहरूमा पनि पारिवारिक स्वरूपता देख्न सकिन्छ। यस बिहान पनि हाम्रो केटासँग हामी निराश भयौं, किनभने लुगा लगाउनुपर्ने बेलामा ऊ पढ़िरहेको थियो। पुस्तकहरूप्रति भएको हामी दुवैको प्रेमको कारणले हाम्रा आमा-बाबुहरू पनि हामीसँग धेरै पल्ट रिसाएको कुरा हामीले याद गर्‍यौं। हामीलाई पनि पढ्न धेरै मन लाग्थ्यो र सधैंभरि ठीक समयचाहिँ हामीले चुनेनौं।

आत्मिक पारिवारिक स्वरूप पनि हुन्छ। आफू धेरै नै असल छौं भनी सोच्ने तर खराब प्रवृत्ति भएका फरिसीहरूलाई



येशूले भन्नुभयोः "तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ (योआनेस ८:४४)। यदि ख्रीष्टियानहरू वास्तवमा परमेश्वरकै सन्तान हुन् भने, तिनीहरूले आफ्ना स्वभाव, प्रवृत्ति र कार्यहरूमा पारिवारिक स्वरूपता देखाउँछन्।

जसरी बालकले आफ्नो सांसारिक पितालाई हेरेर उनैको नकल गर्छ, त्यसै गरी स्वर्गीक पिताजस्तो हुनलाई उहाँले गर्नुहुने कामप्रति हामी सचेत रहनुपर्छ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

- परमेश्वरको चरित्र छ
    - परमेश्वरको चरित्रको अर्थ
    - परमेश्वरको चरित्रलाई देखाउनु
- परमेश्वर प्रेम हुनुहुन्छ
- परमेश्वर धर्मी हुनुहुन्छ

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरको चरित्रलाई वर्णन गर्न।
- परमेश्वरको चरित्र जान्न पाएको महत्त्वप्रति कृतज्ञ हुन र तपाईंको जीवनसँग यो कसरी सम्बन्धित छ सो थाहा पाउन।

## परमेश्वरको चरित्र छ

कसैलाई भेट्दा ऊ व्यक्ति नै हो भनी तपाईंलाई कसरी थाहा हुन्छ? के ऊ मानवजस्तै देखिएको हुनाले हो कि? उसले मानवले जस्तै बोलेको कारणले हो कि? उसले मानवले जस्तै हिँड्को कारणले हो कि? हेराइ, बोली वा क्रियाकलापको कारणले मात्र होइन तर शारीरिक प्राणीहरूले प्रकट गरेको ज्ञान र भावनाहरूद्वारा कुनै प्राणी व्यक्ति हो भनी तपाईंलाई *थाहा* हुन्छ। व्यक्तिले प्रतिउत्तर दिन्छ र प्रतिक्रिया जनाउँछ। आफूसँग विचार र उद्देश्य भएका हुनाले एक व्यक्तिले कार्यहरू गर्न शुरू गर्छ। तर सबै व्यक्तिहरू उस्तै हुँदैनन्। प्रत्येकको आ-आफ्नै व्यक्तित्व हुन्छ, जुनचाहिँ उसको चरित्रको बाहिरीय प्रकट हो।

### परमेश्वरको चरित्रको अर्थ

उद्देश्य १ *परमेश्वरको चरित्रलाई पत्ता लगाउन सक्ने स्रोतलाई परिचित गर्न सक्नु।*

परमेश्वर व्यक्ति हुनुहुन्छ। उहाँमा कुनै पनि मानविक आकृति छैन, किनभने उहाँ मानिस हुनुहुन्न। परमेश्वरलाई विश्वमा काम गर्ने शक्तिको रूपमा मात्र पनि लिइनु हुँदैन। निश्चय नै उहाँको शक्तिबाटै विश्वको सृष्टि भएको थियो। तर परमेश्वर शक्तिभन्दा पनि अझ धेरै हुनुहुन्छ। परमेश्वरमा विचारहरू र उद्देश्यहरू, बुद्धिहरू र भावनाहरू छन्। उहाँले प्रतिउत्तर दिनुहुन्छ र प्रतिक्रिया जनाउनुहुन्छ। यी सबै कुराहरूमा

उहाँ आफूले आफ्नो स्वरूपमा सृष्टि गर्नुभएको मानव-जातिभन्दा अति नै उच्च हुनुहुन्छ। परमेश्वरको व्यक्तित्व छ वा उहाँ व्यक्ति हुनुहुन्छ भन्नु उहाँको निन्दा गरेको जस्तो देखिन्छ। र पनि उहाँको बारेमा बताउन सक्ने उत्तम तरीका यही मात्र हो। उहाँलाई व्यक्तित्व दिने सबै गुणहरू उहाँका चरित्र हुन्। परमेश्वर अचम्मको हुनुहुन्छ– उहाँको चरित्र हाम्रो बुझाइभन्दा अझै माथि छ। तर उहाँले आफ्नो चरित्र हामीलाई देखाउनको निम्ति रोज्नुभयो, र यसरी हामी उहाँजस्तै भएर उहाँको तरीकालाई अनुशरण गर्न सक्छौं।

परमेश्वरले सृष्टि गर्नुभएको विश्वले उहाँको असीमित शक्ति र बुद्धिको बारेमा हामीलाई बताउँछ। पौलसले भनेका छन्ः

> उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्ग देखिएको छ (रोमी १ः२०)।

तर मानिसहरूले आफ्नै अभिलाषाहरू पूरा गर्नको निम्ति आफूले देखेका कुराहरूलाई बङ्गाए (रोमी १ः२१-२५)। सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनी धेरै धर्महरूले सिकाएका छन्, तर परमेश्वरको चरित्रको बारेमा तिनीहरूले साँचो प्रकारले बुझेका छैनन्। यसलाई परमेश्वर आफैले विशेष रूपमा स्पष्ट पार्नुपरेको थियो।

सर्वप्रथम, आफूले चुन्नुभएका मानिसहरूकहाँ परमेश्वरले आफैलाई ऐतिहासिक प्रकारले प्रकट गर्नुभयो। अब्राहाम, मोशा, शमूएल र यशैयाजस्ता मानिसहरूले परमेश्वरको स्वभावको बारेमा विशेष अन्तरज्ञान प्राप्त गरेका थिए। परमेश्वरको मार्ग मानिसहरूकहाँ प्रकट गर्नको लागि परमेश्वरले इस्राएल राज्यलाई चुन्नुभएको थियो। यसरी संसारलाई दिइएको परमेश्वरको

ज्ञानको बारेमा पुरानो करारले हामीलाई बताउँछ। पुरानो करारले परमेश्वरको चरित्रको बारेमा पूरै बताएको भए तापनि प्रायःजसो मानव-जाति परमेश्वरको बारेमा अज्ञानी नै छ।

मानिसहरूसँगै रहनका लागि परमेश्वरले आफ्ना पुत्र येशू ख्रीष्टलाई पठाएर आफ्नो चरित्र प्रकट गर्नुभएको छ।

> प्राचीन कालमा हाम्रा पिता-पुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ... उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ (हिब्रू १:१-३)।

### तपाईंको अभ्यासको निम्ति

**१** सृष्टिले परमेश्वरको चरित्रको कुनचाहिँ गुणलाई देखाउँछ? ठीक उत्तरहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) परमेश्वर यस प्रकृतिमा केवल दबाऊ मात्र हुनुहुन्छ।
**ख**) परमेश्वर बुद्धिमानी र ज्ञानी हुनुहुन्छ।
**ग**) परमेश्वर निर्दयी हुनुहुन्छ।
**घ**) परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ।

**२** परमेश्वरको चरित्रलाई पत्ता लगाउन सक्ने तीनवटा स्रोतहरू दिनुहोस्। तपाईंले प्रयोग गर्नुभएका शब्दहरू हाम्रा जस्तै हुँदैनन् होला, तर विचारहरूचाहिँ उस्तै हुनुपर्छ।

**क**) ..................................................................

**ख)** ..........................................................

**ग)** ..........................................................

पाठको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

### परमेश्वरको चरित्र देखाउनु

उद्देश्य २ *कसरी येशूले तपाईंलाई परमेश्वरको चरित्र देखाउन सक्नुभयो सो वर्णन गर्नु।*

नयाँ करारका सुसमाचारहरूमा अङ्कित गरिएको परमेश्वरको प्रकाशले पुरानो करारमा भएको परमेश्वरको प्रकाशको विरोध गर्दैन। मानिसले स्पष्ट रूपमा बुझ्ने प्रकारले जिएर येशूले परमेश्वरको स्वभाव, भावनाहरू र कार्यहरूलाई सजिलोसँग बुझ्ने तुल्याउनुभएको छ। योआनेसको सुसमाचारले येशूलाई "वचन", वा प्रकाश भनेको छ, र उहाँको बारेमा यसले यसो भनेको छः

> अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो (योआनेस १:१४)।

येशू परमेश्वरका पुत्र हुनुभएको हुनाले, उहाँले मानिसहरूलाई परमेश्वरको बारेमा बताउन सक्नुभयो। उहाँमा परमेश्वरको स्वभाव भएको हुनाले, उहाँले प्रवृत्ति र कार्यहरूमा परमेश्वरको चरित्रलाई देखाउन सक्नुभयो।

> परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एकमात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ (योआनेस १:१८)।

विशेष व्यक्तिहरूले पनि पूर्ण रूपमा बुझ्न नसकेको परमेश्वरको प्रकाशलाई येशूले पूरा गरिदिनुभयो। उहाँले परमेश्वरको चरित्र सबैलाई चिनाइदिनुभयो। उहाँले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा मानिसहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। उहाँको आत्माको शक्तिद्वारा परमेश्वरका सन्तानहरू परमेश्वरको स्वरूपमा परिवर्तन हुने प्रक्रियामा छन्। विश्वासी वा परमेश्वरका बालकको रूपमा तपाईंलाई के हुँदैछ भनी पौलसले भनेको कुरालाई पढ्नुहोस्ः

> हामी सबै घुम्टो हटाइएका मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट नै यो आउँछ, जो आत्मा हुनुहुन्छ (२ कोरिन्थी ३ः१८)।

परमेश्वरको अचम्मको उपस्थितिको वर्णन गर्न बाइबलमा *महिमा* शब्दलाई प्रयोग गरिएको छ। परमेश्वरका पुत्र येशूले यस महिमालाई प्रकट गर्नुभएको छ (योआनेस १ः१४ पढ्नुहोस्।) उहाँ यस अँध्यारो संसारमा चम्कनुभएको छ। तपाईं पनि परमेश्वरजस्तै हुँदैजानुहुँदा, तपाईंले उहाँको महिमालाई प्रकट गर्नुहुनेछ।

परमेश्वरका सबै चरित्रहरूलाई महिमामा संलग्न गरिएको हुन्छ। योआनेसले येशूको महिमामा *अनुग्रह* र *सत्यतालाई* देखेका थिए। अनुग्रहले परमेश्वरको भलाइको बारेमा हामीलाई याद दिलाउँछ, किनभने उहाँ प्रेमी हुनुहुन्छ। सत्यताले पनि परमेश्वरको भलाइको बारेमा हामीलाई याद दिलाउँछ र उहाँ एकमात्र साँचो परमेश्वर, पवित्र र धर्मी हुनुहुन्छ। परमेश्वरका यी दुइ चरित्रहरूले नैतिकतामा प्रभाव पार्छन्। परमेश्वरका प्रवृत्तिहरू र कार्यहरू उहाँको प्रेम र उहाँको धार्मिकताबाट आउँछन्।

परमेश्वरको महिमा




यो दृष्टान्तले परमेश्वरको महिमाका चरित्रहरूलाई देखाउँछ। अरूहरूप्रतिका हाम्रा प्रवृत्ति र कामहरूमा पनि हामी यसलाई प्रकट गर्न सक्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**३** २ कोरिन्थी ३:१८-को यस भागलाई कण्ठ गर्नुहोस्ः "हामी एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं र परमप्रभुबाट नै यो आउँछ, जो आत्मा हुनुहुन्छ।" के यसले तपाईंलाई उत्साह दिँदैन र?

**४** प्रभुले तपाईंलाई बदलिगर्नुहुँदा कसरी तपाईं उहाँसँगै मिलेर काम गर्न सक्नुहुन्छ यस बारेमा प्रार्थना गर्नुहोस्। यस पाठमा बाँकी भएको भागलाई तपाईंले अध्ययन गर्दैजानुहुँदा कहाँ-कहाँ तपाईंले परमेश्वरको चरित्र र महिमालाई प्रकट गर्नुभएको छैन ती कुराहरू देखाउनको निम्ति परमेश्वरसँग बिन्ती गर्नुहोस्।

## परमेश्वर प्रेम हुनुहुन्छ

उद्देश्य ३ *अनुग्रह र कृपाको अर्थ व्याख्या गर्दै मानव प्रेम र परमेश्वरको प्रेम कसरी फरक छ वर्णन गर्नुहोस्।*

परमेश्वरले आफ्ना पुत्रलाई हाम्रो निम्ति मर्न दिएर हामीलाई यति धेरै प्रेम कसरी गर्नुभयो भन्ने कुरा हामी ख्रीष्टियान भइसकेपछि पनि बुझ्न हामीलाई गाह्रो छ। हामीले यस्तो किसिमको प्रेमको कहिल्यै अनुभव गरेका थिएनौं। संसारमा हामीले देखिराखेको प्रेम यसभन्दा धेरै नै फरक छ। "पहिला म त्यसपछि तिमी" भनी संसारमा प्राप्त हुने प्रेमलाई वर्णन गर्न सकिन्छ। यस्तो किसिमको प्रेमले भन्छः "यदि दुवै जनाको निम्ति प्रशस्त खाना छ भने मात्र म बाँड़िर खान सक्छु। यदि एक जनाको लागि मात्र पुग्ने हो भने, यो खाना त मैले नै खानुपर्छ। यस्तो खालको प्रेमले पहिले आफ्नो वास्ता गर्छ र त्यसपछि मात्र अरूहरूको वास्ता गरी टोपल्छ। परमेश्वरको प्रेम मानव प्रेमभन्दा अति नै उच्च छ। हाम्रो निम्ति के कुरा उत्तम छ भन्ने बारेमा उहाँ सधैंभरि नै सरोकार राख्नुहुन्छ। हामीले उहाँलाई प्रेम गरेनौं भने पनि उहाँ त सधैंभरि प्रेमले भरिरहनुहुन्छ। संसारले उहाँलाई इन्कार गर्दा पनि उहाँले यसलाई प्रेम नै गर्नुहुन्छ। यस्तो किसिमको प्रेम सक्रिय हुन्छ। १ कोरिन्थी १३:४-७-ले हामीलाई बताएझैं यसले आफैलाई प्रवृति र कार्यमा प्रदर्शन गर्छ। बाइबलमा परमेश्वरको प्रेमी प्रवृतिलाई *अनुग्रह* र *कृपा* भनिएको छ।

अनुग्रह भनेको प्रेम हो र यसले अर्को व्यक्तिको भलो चाहन्छ। व्यक्ति असल भएपछि मात्र प्रेम गरिनुपर्छ वा कसैले प्रेम गरेपछि मात्र प्रेम गरिनुपर्छ भनी अनुग्रह पर्खेर बस्तैन। दया वा करुणा देखाउनलाई अनुग्रह निस्वार्थी प्रवृति हो। प्रभु जो "सबै अनुग्रहका परमेश्वर हुनुहुन्छ, उहाँले नै ख्रीष्टमा

आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ'' (१ पत्रस ५:१०)।

परमेश्वरको अनुग्रह स्पष्ट रूपमा प्रकट भएको छ, किनभने हामी पापपूर्ण अवस्थामा भएकै बेलामा पनि उहाँले हाम्रो भलो चिताउनुभएको छ। तर हामीलाई हाम्रा पापहरूबाट छुटकारा दिन उहाँको प्रेम कार्यमा प्रकट हुन आवश्यक थियो।

अयोग्य व्यक्तिलाई कसैले केही गर्छ भने उसले कृपा देखाएको हुन्छ। के तपाईंलाई असल सामरीको कथा याद आउँछ? लूकास १०:३०-३७-मा यसको उल्लेख गरिएको छ। शत्रु नै भए पनि उसले त्यस मानिसको आवश्यकतालाई देख्यो। उसले त्यसमाथि दया देखायो (पद ३४) र त्यसलाई सहायता गऱ्यो।



परमेश्वरले हामीलाई अनुग्रह र कृपा देखाउनुभएको छ। ''यदि तिमी आज असल भयौ भने हामी तिमीलाई उपहार दिनेछौं'' भनी प्रतिज्ञा गर्ने आमा-बाबुजस्तो उहाँ हुनुहुन्न। परमेश्वरले शर्तविना नै प्रेम गर्नुहुन्छ। हामी उद्धारका योग्य

नभए पनि हाम्रो भलाइको लागि परमेश्वरले उद्धारको बाटो उपलब्ध गरिदिनुभएको छ।

> किनकि हामी दुर्बल हुँदा नै अधर्मीहरूका निम्ति ख्रीष्ट ठीक समयमा मर्नुभयो। धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कथङ्कदाचित् असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:६-८)।

परमेश्वरको प्रेम स्वार्थी पनि हुँदैन र यसलाई कमाउन पनि सकिँदैन। यो स्वतन्त्र छ र मानव प्रेमभन्दा धेरै नै भिन्नै छ। मानिसहरूले भन्दा परमेश्वरले भिन्नै किसिमले काम गर्नुहुन्छ। तर परमेश्वरले आफ्ना सन्तानलाई आफ्नै स्वरूपमा बदली गर्न चाहनुहुन्छ। हामीले उहाँको महिमा र भलाइलाई प्रकट गरेको उहाँले चाहनुहुन्छ। हामीले पनि उहाँले प्रेम गर्नुभएझैं प्रेम गरेको र अनुग्रह र कृपा देखाएको उहाँले चाहनुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

**५** प्रेम गर्ने बारेमा लूकास ६:२७-३६-मा येशूले भन्नुभएको कुरालाई पढ्नुहोस्। पदको तल उल्लेखित खण्डलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् र प्रत्येक पदले तपाईंलाई भनेको कुरालाई तपाईंले कसरी गर्न सक्नुहुन्छ सो लेख्नुहोस्।

पद २७– आफ्ना शत्रुहरूलाई प्रेम गर, र घृणा गर्नेहरूलाई भलाइ गर।

पद ३६– तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ।

## परमेश्वर धर्मी हुनुहुन्छ

उद्देश्य ४ *"धर्मी" शब्दलाई परिभाषित गर्नुहोस् र परमेश्वरको धार्मिकतालाई उहाँका चरित्र र कार्यहरूमा कसरी देख्न सकिन्छ बताउनुहोस्।*

अन्तरराष्ट्रिय नाप तौलको स्तरलाई कायम राख्ने एक कार्यालय फ्रान्स देशमा छ, र त्यहाँ विशेष धातुको एउटा पाता छ। यो पाता एक मिटर लामो छ। धेरै देशहरूमा यही पाताको नकल राखिएको छ। यसको नाप *ठीक* छ। अरू सबै नापलाई *यसद्वारा नै जाँचिन्छ।*

परमेश्वर पनि त्यस्तै हुनुहुन्छ। स्वभावैले उहाँ सिद्ध र असल हुनुहुन्छ। सबै किसिमले पूर्णताको उदाहरण उहाँ नै हुनुहुन्छ। उहाँले भन्नुहुने र गर्नुहुने सबै कुराहरू सत्य छन्। परमेश्वर धर्मी हुनुहुन्छ भन्ने कुराको अर्थ यही नै हो। उहाँ परिवर्तन हुनुहुन्न र उहाँले कुनै खराब काम गर्नुहुन्न, किनभने ती कुराहरू उहाँको स्वभावको विरुद्धमा छन्। उहाँजस्तै हुनुपर्ने व्यक्तिहरूमा उहाँले पूर्ण धार्मिकता देख्नुभएन भने परमेश्वर तिनीहरूसँग खुशी हुनुहुन्न। किनभने उहाँ न्यायी र सत्य हुनुहुन्छ र उहाँले आफ्नो सृष्टिको न्याय गर्नुहुन्छ। जब परमेश्वरले आफ्नो रचनात्मक कार्य सक्नुभयो, उहाँ यसमा अति नै प्रसन्न हुनुभयो भनी बाइबलले हामीलाई बताउँछ (उत्पत्ति १ : ३१)। तर सबै मानिसले पाप गरेका छन् भनी तपाईंलाई थाहा छ; तिनीहरू असल र सत्य भई बस्न सकेका छैनन्। नाप्नको निम्ति राखिएको बेठीक मिटरजस्तै तिनीहरूलाई पनि जाँच गर्दा तिनीहरूका नापको स्तर पनि पुग्दैन। पौलसले स्पष्ट रूपमा हामीलाई बताएका छन्:

किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् (रोमी ३:२३)।

तब परमेश्वरले के गर्न सक्नुभयो? आफ्नो धार्मिकताले नभरिएका मानिसहरूलाई उहाँले आफूसँग राख्नुभएन, के उहाँले राख्न सक्नुहुन्थ्यो?

मानिलिऔं, तपाईंले एउटा टेबिल बनाउन चाहनुभयो? तपाईंका चारवटा साथीहरूले टेबिलको खुट्टाको निम्ति काठ ल्याइदिने भए। तपाईंले तिनीहरू प्रत्येकलाई ठीक नाप पनि दिनुभयो। तिनीहरूले ती खुट्टा लिएर आएपछि तपाईंले नाप गर्नुहुँदा हरेक खुट्टा छोटो भएको तपाईंले भेट्टाउनुभयो। एउटा १० से.मी. अर्को ५, अर्को ३ र अर्को २ से.मी. छोटो थियो। जस्ताको तस्तै गरी तपाईंले कुनचाहिँलाई प्रयोग गर्न सक्नुहुन्छ? यदि तपाईंले नढल्ने किसिमको टेबिल बनाउन लाग्नुभएको हो भने यी नापका खुट्टाहरूलाई प्रयोग गर्न सकिँदैन!



परमेश्वरले मानिसहरूका भूलहरूलाई नाप्नुहुन्छ वा न्याय गर्नुहुन्छ। मानिसहरूले खराब कामहरू गरेका कारणले मात्र होइन, तर उहाँले जस्तै गरी तिनीहरूले प्रेम र कृपा देखाएका छैनन्।

सत्यता र न्यायको माग गर्ने एक जना असल न्यायाधीश थिए। अपराध गरेको उनैको छोरालाई एक दिन उनको अगाड़ि ल्याइयो। आफू दोषी छु भनी उनको छोराले स्वीकार गऱ्यो। आँखाबाट प्रेमको आँसु चुहाउँदै उनले आफ्नो छोरालाई झ्यालखानको दण्ड दिए, किनभने न्यायले दण्डको माग गर्छ। त्यसपछि न्यायाधीश उठे, आफ्नो पोशाक फुकाले, र आफ्नो छोरो उभिएको ठाउँमा झरे। तब उनले अङ्गरक्षकहरूसँग यसो भने, "मेरो छोराको निम्ति झ्यालखानको दण्ड म आफै भोग्छु।"

तपाईं परमेश्वरका बालक हुनुभएको हुनाले संसारसँग तपाईंलाई दोषी ठहऱ्याएको छैन। येशूले तपाईंको ठाउँ लिनुभएको छ र परमेश्वरको न्याय पूरा गर्नुभएको छ। अब परमेश्वरको न्याय (धार्मिकता)-ले तपाईंलाई स्वतन्त्र पारेको छ। यसै कारणको निम्ति पवित्र आत्माको शक्तिद्वारा तपाईं सत्य र धर्मी बन्नैपर्छ।

परमेश्वरको प्रेम र धार्मिकता उहाँको स्वभावकै अङ्गहरू हुन् भनी जब हामी बुझ्छौं, तब हाम्रो निम्ति उहाँले गर्नुहुने काममा यी स्वभावहरूले कसरी प्रभाव पार्छन्, सो हामी देख्छौं। हामीले ठीक किसिमले विचार गरेको, अनुभव गरेको र कार्य गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा पनि हामी देख्न शुरू गर्छौं, र यसरी हामी उहाँजस्तै बन्न सक्छौं

> ए मानिस, जे असल छ, उहाँले त्यो तँलाई देखाउनुभएको छ। परमप्रभुले तँबाट के चाहनुहुन्छ? केवल यति कि न्याय गर्नू, दया गर्नू, र तेरा परमेश्वरसित नम्र भएर हिँड्नू (मीका ६:८)।

## तपाईंको अभ्यासको निम्ति

**६** मीका ६:८-लाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् र यसलाई कण्ठ गर्नुहोस्।

**७** तपाईंको बाइबलमा एफिसी ५:८-१० पढ्नुहोस्। आफू परमेश्वरको बालक हुनुभएकोमा तपाईंले के-के कुराहरू गरेको परमेश्वर चाहनुहुन्छ सो आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**८** परमेश्वर धर्मी हुनुहुन्छ भन्दा हामीले के अर्थ लगाएका हुन्छौं?

**क**) उहाँलाई नाप्न सकिन्छ।

**ख**) उहाँले कुनै पनि भूल गर्नुहुन्न।

**९** तपाईंका प्रवृतिहरू र कार्यहरूलाई परमेश्वरको धार्मिकताले कसरी असर पार्न सक्छ? ..........................................

...........................................................................

...........................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५. तपाईंको उत्तर।

१. **ख** परमेश्वर बुद्धिमान् र ज्ञानी हुनुहुन्छ।
**घ** परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ।

६. तपाईंको उत्तर।

२. **क** सृष्टिद्वारा पनि परमेश्वरलाई चिन्न सकिन्छ।
**ख** पुरानो करारमा उल्लेख भएझैं परमेश्वर बोल्नुभएका मानिसहरूद्वारा पनि उहाँलाई चिन्न सकिन्छ।
**ग** येशू ख्रीष्टद्वारा परमेश्वरलाई चिन्न सकिन्छ।

७. तपाईंको उत्तर।

३. तपाईंको उत्तर।

८. ख) उहाँले कुनै पनि भूल गर्नुहुन्न।

४. तपाईंको उत्तर।

९. भूल नगर्नलाई, असल प्रवृति भएको हुनलाई, निरन्तर प्रेम देखाउनलाई, र उहाँसँगै नम्र सङ्गति गर्नलाई परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।